# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १ मितिः २०७६/७/०४

## भाग-२

## सुर्यगढी गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/३/१२**

**सम्बत २०७४ सालको नियमावली नं : १**

# सुर्यगढी गाउँपालिका
# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७५

**१. प्रस्तावना**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावअभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरीनेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिकसम्बन्धि ऐन २०६३ ( संशोधन सहित) को दफा २५ , ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४ र नेपालको संविधान २०७२ को धारा ४१ अनुसार सुर्यगढी गाउँकार्यपालिकाको मिति २०७५।१२।२६ को बैठकले अनुमोदन गरि यस ‘ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७५’ जारी गरिएको छ ।

**परिच्छेद १**

**२. प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्याविधि नाम ‘ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७५’ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ‘संविधान’ भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

(ख) ‘ऐन’ भन्नाले ज्येष्ठ नागरिक सम्बन्धि ऐन,२०६३(केही नेपाल संशोधन गर्ने ऐन,२०७२ ले गरेको संशोधन समेत ) सम्झनुपर्दछ ।

(ग) ‘नियमावली’ ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५लाई सम्झनु पर्दछ ।

(घ) 'स्थानीय तह' भन्नाले सुर्यगढी गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) 'वडा कार्यालय' भन्नाले सुर्यगढी गाउँपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

## परिच्छेद - २

### ३. उद्देश्य, आधार

### १. उद्देश्य :

यस कार्यविधि को उद्देश्य देहाय बमोजिम रहेका छन् :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

### २. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ (संशोधन सहित)को दफा २५ र ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

## ४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

## ५. ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

## ६. परिचय-पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

## ७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

## ८. परिचय-पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाँउपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्नेछ ।

## ९. विविध :

क) गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका विकट तथा दुर्गम गाउँहरुमा रहेका ज्येष्ठ नागरिकहरुका लागि ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सेवा सरल तरिकाले उपलब्ध गराउन आवश्यकता अनुसार ती ठाउँहरुमा परिचय पत्र वितरण सम्बन्धि घुम्ति शिविर सञ्चालन गर्न सक्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची १
## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

# ज्येष्ठ नागरिक परिचय-पत्र

फोटो

प.प. नं :-

नाम थर: ............................................

ना.प्र.न.: ..........

ठेगाना: जिल्ला ........................गा.पा. ⁄ न.पा.: ..............

वडा नं.: ............ टोल ⁄ गाऊँ: .........

उमेर: ........... लिङ्ग: ...........

उपलब्ध छुट तथा सुविधाहरु : ....................................

पति ⁄ पत्नीको नाम : ..........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण: ........................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :......................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम

..........................................................................................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

फोटो

आज्ञाले,
उत्तम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत